नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सर्लाही, मलंगवा

सम्पर्क नं. : ०४६-५२०१०६,
५२०१७७,५२०१७४
Webpage:https://daosarlahi.moha.gov.np
Email : dao.sarlahi@gmail.com
daosarlahi@moha.gov.np
Facebook page: Facebook.com/daosarlahi

प.सं.०७९/०८०, च.नं.

मिति: २०७९।१२।२४

## विभूषण सुशोभन समारोहमा उपस्थित हुने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, सर्लाहीको सूचना ।

श्री गृह मन्त्रालय, विभूषण तथा सभा समारोह प्रबन्ध शाखा, सिंहदरवार काठमाण्डौंको च.नं. ७१ मिति २०७९।१२।२४ गते प्राप्त पत्रानुसार सम्मानीय राष्ट्रपतिज्यूबाट २०७९ साहल असोज ३ गते संविधान दिवस, (राष्ट्रिय दिवस) को दिन घोषित विभूषणहरुमध्ये मानपदवी (नेपाल रत्न, राष्ट्र गौरव, सुप्रसिद्ध प्रवल जनसेवाश्री, प्रसिद्ध प्रवल जनसेवाश्री) प्राप्त गर्ने महानुभावहरुलाई मिति २०८० साल बैशाख १ गते शुक्रबार विहान ११:०० बजे देखि राष्ट्रपतिको कार्यालय, राष्ट्रपति भवन, महाराजगञ्जमा विभूषित गरिने हुँदा २०७९ साल चैत्र २४ गते देखि २०७९ साल चैत्र २९ गते सम्म गृह मन्त्रालयमा आ-आफ्नो परिचयपत्र सहित सम्पर्क गरी सुशोभन समारोहको प्रवेशपत्र लिन हुन र मानपदवी प्राप्त गर्ने महानुभावहरुले विभूषण सुशोभन समारोहमा ३ नं. पोशाक सहित उपस्थित गराई दिनु हुन लेखी आएको हुँदा सर्लाही जिल्लाबाट २०७९ असोज ३ गते विभूषित हुनुहुने महानुभावहरुले सोही अनुसार गर्नु, गराउनु हुन सूचित गरिन्छ । साथै यस सम्बन्धी विस्तृत सूचना गृह मन्त्रालयको वेभसाइट www.moha.gov.np वा जिल्ला प्रशासन कार्यालय, सर्लाहीको वेभसाइट daosarlahi.moha.gov.np मा हेर्न हुन समेत अनुरोध छ ।

२०७९।१२।२४

ईन्द्रदेव यादव

प्रमुख जिल्ला अधिकारी

# गृह मन्त्रालय

## विभूषण सुशोभन समारोहमा उपस्थितिका लागि अत्यन्त जरुरी सूचना

सम्माननीय राष्ट्रपतिज्यूबाट २०७९ साल असोज ३ गते संविधान दिवस (राष्ट्रिय दिवस) का दिन घोषित विभूषणहरूमध्ये मानपदवी (नेपाल रत्न, राष्ट्र गौरव, सुप्रसिद्ध प्रबल जनसेवाश्री, प्रसिद्ध प्रबल जनसेवाश्री, सुकीर्तिमय राष्ट्रदीप, सुप्रबल जनसेवाश्री, कीर्तिमय राष्ट्रदीप, प्रबल जनसेवाश्री, राष्ट्रदीप र जनसेवाश्री) प्राप्त गर्नुहुने महानुभावहरुलाई **२०८० साल वैशाख १ गते शुक्रबार** बिहान ११:०० बजेदेखि राष्ट्रपतिको कार्यालय, राष्ट्रपति भवन, महाराजगञ्जमा विभूषित गरिने हुँदा सो दिन राष्ट्रपतिको कार्यालयमा उपस्थित हुनका लागि **२०७९ साल चैत्र २४ देखि २९** गतेसम्म गृह मन्त्रालय, सिंहदरबारमा आ-आफ्नो परिचय खुल्ने प्रमाण सहित सम्पर्क गरी **सुशोभन समारोहको प्रवेशपत्र** लिनुहुन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ। सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुले यसै सूचनालाई आधार मानी आ-आफ्नो जिल्लाका मानपदवी प्राप्त गर्ने महानुभावहरुलाई विभूषण सुशोभन समारोहमा देहायमा उल्लिखित ३ नं. पोशाकसहित उपस्थितिका लागि जानकारी गराइदिनु हुन अनुरोध छ।

| पोशाक नं. | निजामतीतर्फ | नेपाली सेना/नेपाल प्रहरी/सशस्त्र प्रहरी बल, नेपालतर्फ |
|---|---|---|
| ३ | ग्रे कोट/कालो कोटसहितको औपचारिक पोशाक | ट्यूनिक, एक्युलेट, ग्याठ बूट, मानपदवी-२, अलङ्कार र पदक (परेडमा भाग लिनेले मात्र खड्गसहित) । |

**द्रष्टव्यः-**

क) नेपाली सेना/नेपाल प्रहरी/सशस्त्र प्रहरी बल, नेपालका पदाधिकारीहरु बाहेक अन्य पदाधिकारीहरुको विभूषण र पोशाक निजामती पदाधिकारी सरह हुनेछ ।

ख) "नेपाली पोशाक" भन्नाले नेपाली नागरिकले साविकमा लगाउँदै आइरहेको महिलाको निमित्त जुनसुकै शैलीको चोलो, सारी र जुत्तासहितको पोशाक र पुरुषका निमित्त लबेदा, सुरुवाल, कोट र टोपीसहितको पोशाक सम्झनु पर्दछ ।

ग) ग्रे/कालो कोटसहितको औपचारिक पोशाकमा साविकबमोजिम नै चोलो, सारी/लबेदा, सुरुवाल (सेतो रङ्गको) र टोपी (भादगाउँले) कालो रंगको हुनेछ ।

घ) ग्रे/कालो कोटसहितको औपचारिक पोशाकमा जुत्ता कालो (छालाको) हुनेछ ।

तर, सुशोभन समारोहमा हिमाल, पहाड, तराई/मधेसमा लगाइने आ-आफ्नो परम्परा र संस्कृति अनुसारको जातजाति, भाषा, धर्म र संस्कृति झल्काउने पोशाक वा नेपाली पोशाक लगाउन सकिनेछ।

**घोषित नामावलीसहितको** सूची गृह मन्त्रालयको वेब साईट www.moha.gov.np मा समेत हेर्न सकिनेछ। राष्ट्रपतिको **कार्यालय, महाराजगञ्जमा** आयोजना गरिने **सुशोभन समारोहमा प्रवेशपत्रका आधारमा मात्र प्रवेश गराईने हुदाँ अनिवार्य रुपमा प्रवेश पत्र ल्याउनु पर्नेछ साथै सम्पूर्ण महानुभावहरुले कोभिड-१९ को स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्नु पर्ने व्यहोरा समेत** अनुरोध छ। अन्य जानकारीका लागि गृह मन्त्रालयका देहायका सम्पर्क नम्बरहरु वा सम्बन्धित जिल्ला **प्रशासन कार्यालयमा** सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

**सम्पर्क नं.** ०१-४२११२७१/४२११२६०/९८५११६६२७६/९८४१०५८५२०